खैरहनी नगर कार्यपालिकको कार्यालय

खैरहनी, चितवन

प्रदेश नं ३ नेपाल

सर्भेक्षक पदमा सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०४/०५)

खैरहनी नगरपालिकाको लागि सर्भेक्षक पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले निम्नानुसारको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ५.०० बजे (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट) सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम कार्यालयबाट वा वेवसाइट www.khairhanimun.gov.np बाट उपलब्ध हुनेछ ।

## विज्ञापन नं. ०१

१. आवश्यक पद तथा संख्या : सर्भेक्षक - १ (एक)

२. शैक्षिक योग्यता र अनुभव :

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिई एस.एल.सी. वा सो सरह उतीर्ण गरी सर्भे वा जियोमेटीक्स बिषयमा तीन बर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उतीर्ण वा विज्ञान

(फिजिकल समूह) वा भूगोल बिषय लिई प्रमाणपत्र तह उतीर्ण गरी कम्तीमा एक बर्षको जुनीयर नापी तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

३. दरखास्तमा संलग्न गर्नुपर्ने:

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. सेवाको किसिम : करार सेवा

५. दरखास्त खस्तुर : रु. ४००।-

६. पारीश्रमीक : नेपाल सरकारले राजपत्र अनंकित प्रथम श्रेणीको लागि तोकेको न्यूनतम शुरु स्केल बराबर हुनेछ ।

७. उमेर : २१ बर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ बर्ष ननाघेको र महलिाको हकमा ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

८. परीक्षाको किसिम : संक्षिप्त सूचिकरण (Short Listing) तथा अन्तरवार्ता

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)